# ताप्ली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रुपाटार, उदयपुर
कोशी प्रदेश, नेपाल

प.सं / Ref.No.: २०८१/०८२
च.नं / Dispatch No.:

मितिः२०८२/०१/३०
ने.स.११४५,बछलागा पारू, मंगलबार

**करार शिक्षक पदपूर्ति सम्बन्धी खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन**

यस ताप्ली गाउँपालिका अन्तर्गत तपशिलका विद्यालयहरुमा तपशिलका रिक्त पदमा करार पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवाहरुले तोकिएको मिति र कार्यालय समय भित्र आवश्यक कागजात सहित दरखास्त पेश गर्नु हुन अनुरोध छ।

तपशिलः

| विज्ञापन नं. | रिक्त रहेको तह/पद | विषय | पद संख्या | कैफियत |
|---|---|---|---|---|
| २०८१-०८२-०१९ | मा.वि.तृतिय/शिक्षक | विज्ञान | २ | संघीय अनुदान |
| २०८१-०८२-०२० | मा.वि.तृतिय/शिक्षक | गणित | १ | संघीय अनुदान |
| २०८१-०८२-०२१ | मा.वि.तृतिय/शिक्षक | नेपाली | १ | गा.पा. अनुदान |
| २०८१-०८२-०२२ | मा.वि.तृतिय/शिक्षक | अंग्रेजी | १ | गा.पा. अनुदान |
| २०८१-०८२-०२३ | मा.वि.तृतिय/शिक्षक | गणित | १ | करार |
| २०८१-०८२-०२४ | नि.मा.वि.तृतिय/शिक्षक | नेपाली | १ | गा.पा. अनुदान |
| २०८१-०८२-०२५ | नि.मा.वि.तृतिय/शिक्षक | गणित | १ | गा.पा. अनुदान |

शर्तहरुः-

- दरखास्त दस्तुरः- नि.मा.शि.तृतिय रु. ७००।- र मा.शि.तृतिय रु.१०००।-
- दरखास्त दिने तरिकाः ताप्ली गाउँपालिकाले तोकेको दरखास्त फारममा सम्पूर्ण विवरण भरी ताप्ली गाउँपालिकाको राजश्व शाखामा दरखास्त दस्तुर बुझाएको भौचरको सक्कलै प्रति १ (एक) थान राखी दरखास्त बुझाउन सकिने छ।
- आवश्यक कागजातहरुः- नेपाली नागरिकता साथै सम्पुर्ण शैक्षिक योग्यता, चारित्रिक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु १/१ थान,
- परीक्षाको किसिमः- लिखित र अन्तर्वार्ता,
- उम्मेदवारको उमेरको हदः- १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको,
- दरखास्त दिने अन्तिम मितिः सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय सम्म।



CamScanner

ताप्लीं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपाटार, उदयपुर
कोशी प्रदेश, नेपाल

प.सं / Ref.No.: २०८१/०८२

च.नं / Dispatch No.:

- फोटोः- २ (दुई) प्रति,
- तलब भत्ताः- प्रचलित नियमानुसार (गा.पा. अनुदान शिक्षककाे हकमा गा.पा. ले तोके बमोजिम हुनेछ)
- सम्पर्क मितिः- दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट,
- परीक्षा मितिः- सम्पर्क मितिमा तोकिनेछ,
- सम्पर्क नं.: ९८५२८२९०७८,९८६२१५०१८०,
- उमेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता

❖ निम्न माध्यमिक शिक्षकको हकमाः

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षामा (कम्तीमा २०० पुर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पुरा गरेको।

तर, कुनै उम्मेदवारले २०० पुर्णाङ्कको शिक्षा सम्बन्धी विषय लिई माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालिम प्राप्त गरेको मानिनेछ।

ख) निम्न माध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको।

❖ माध्यमिक शिक्षकको हकमाः

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षामा (कम्तीमा ३०० पुर्णाङ्क वा १२ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पुरा गरेको। तर अङ्ग्रेजी, गणित विज्ञान विषयको हकमा तालिम नलिए पनि यस विज्ञापन बमोजिम शिक्षक पदको लागि उमेद्वार हुन सक्नेछन्।

ख) माध्यमिक तहको स्थायी अध्यापन अनुमति प्राप्त गरेको।

(दिपक बहादुर थापा)

नि.प्रमुख प्रशासकीय अधिकृत



CamScanner